बैठक संख्या: २२।२०८१
बैठक मिति:२०८१।०७।२९ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।०७।२९ गते बिहिबार दिउँसो २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | [signed] |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | [signed] |
| ३ | श्री रामभरोसी रैनियार | का.व. वडाध्यक्ष वडा नं. १ | [signed] |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | [signed] |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | [signed] |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | [signed] |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | [signed] |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | [signed] |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | [signed] |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | [signed] |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | [signed] |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | [signed] |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | [signed] |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | [signed] |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | [signed] |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | [signed] |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | [signed] |



CamScanner

बैठक संख्या: २२।२०८१
बैठक मिति:२०८१।०७।२९ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | [signature] |
| २ | | | |
| ३ | | | |
| ४. | | | |
| ५. | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १ : आ.व. २०८१।०८२ को रामधुनी मन्दिरको योजना सञ्चालन सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : रामधुनी नगरपालिकाको जनगुनासो (सुनवाई तथा व्यवस्थापन ) कार्यविधि सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

आ.व. २०८१।०८२ को ठेक्का नं. RMY/NCB/11/081/82 सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. ५ झुम्का उद्योग वाणिज्य सङ्घ देखी वडा नं. ३ को सिमा सम्म सडक स्तरोन्नति ठेक्का आव्हान भइसकेको र उक्त सडक खण्ड अन्तर्गत पूर्व पश्चिम राजमार्ग देखी झुम्केश्वर मन्दिर हुँदै पश्चिम तर्फ बाकी रहेको सडक समेत कालोपत्रे गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

रामधुनी नगरपालिकाको जनगुनासो (सुनुवाई तथा व्यवस्थापन) कार्यविधि, २०८१ अध्ययन गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

बैठक संख्या: २२।२०८१
बैठक मितिः२०८१।०७।२९ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.३(क)**

रामधुनी नगरपालिका वडा नं. ४ स्थित शहरी स्वास्थ्य केन्द्रमा शुद्ध खानेपानीका लागि विद्युतीय फिल्टर जडान गर्नका लागि रु. २८०००।- (अक्षरेपी अठ्ठाइस हजार मात्र) विविध शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.३(ख)**

मिति २०८१।०७।३० गते देखी नगर प्रमुख शंकरलाल चौधरी कामकाजको सिलसिलामा थारू कल्याणकारिणी केन्द्रिय अधिवेशन रूपन्देही भैरहवा जानुपर्ने भएकोले नगर प्रमुख शंकरलाल चौधरी भ्रमणमा रहुन्जेल र फर्केर नआउन्जेलका लागि उप प्रमुख तारा थापा लाई का.वा. नगर प्रमुख को जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ३(ग)**

रामधुनी नगरपालिकाको विषयगत समिति मध्ये विधायन समितिका सदस्य सचिव श्री सुवोध निरौला सरुवा भइ अन्यत्र गएको हुँदा उक्त समितिको रिक्त रहेको सदस्य सचिवमा श्री सुमन पौडेल लाई नियुक्ति गर्ने निर्णय गरियो।

**निर्णय नं. ३(घ)**

रामधुनी न.पा. को प्रशासनिक भवन परिसरमा रहेको जगगा दाताको सालिक निर्माणमणका लागि आ.व. २०८१।०८२ मा रू ३०००००।- (अक्षरेपी तिन लाख मात्र) विनियोजन भएको र उक्त सालिक निर्माण सम्पन्न गर्न थप रू २०००००।-( अक्षरेपी दुई लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।



CamScanner

बैठक संख्या: २२।२०८१
बैठक मिति:२०८१।०७।२९ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(ङ)**

रामधुनी नगरपालिका ३ नं वडा कार्यालयको च.न ८७८ मिति २०८१।०७।२९ गतेको प्राप्त पत्रानुसार रामधुनी वडा नं. ३ वस्ने श्री मैया थापाको माग निवेदन अनुसार श्री निज निवेदकको श्रीमान भरत बहादुर थापालाई मधुमेह, प्रेसर बिरामी भई निरन्तर औषधि उपचार का लागि आर्थिक सहयोग बापत रु.२०,०००( अक्षरेपी बिस हजार मात्र)औषधि उपचार शीर्षक बाट सहयोग गर्ने निर्णय गरियो ।